गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(बैठक तथा प्रशासन शाखा)

पत्र संख्या :- २०८२/८३
चलानी नं. :- 660

पोखरा,
नेपाल।

मिति: २०८२।१०।०६

विषय:-रमाना सम्बन्धमा।

श्री मन्त्रालय (सबै),
श्री गण्डकी प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्य न्यायधिवक्ताको कार्यालय,
श्री गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान,
गण्डकी प्रदेश।
श्री स्थानीय तह (सबै),
गण्डकी प्रदेश

प्रस्तुत विषयमा यस कार्यालय र सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयबाट विभिन्न मितिमा भएको कामकाज/ पदस्थापन/ सरुवा निर्णय बमोजिम कामकाज/ पदस्थापन/ सरुवा भएका कतिपय कर्मचारीहरूले हालसम्म पनि सरुवा भएको/खटाइएको कार्यालयमा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ४६ तथा स्थानीय तहको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४२ बमोजिम रमाना हुनु पर्ने कानूनी व्यवस्था रहेकोमा हालसम्म पनि रमाना नदिइएको/नलिएको कारण सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको तथा कर्मचारी व्यवस्थापन समेत प्रभावित भएको गुनासो प्राप्त भएकोले तत् तत् कर्मचारीहरुलाई ३ (तीन) दिन भित्र रमाना दिई सोको जानकारी यस कार्यालयमा पठाउनुहुन मिति २०८२।०९।१८ को निर्णयानुसार पत्राचार भएकोमा मिति २०८२/१०/०४ राति १२:०० बजेदेखि निर्वाचन आचारसंहिता, २०८२ समेत लागू भईसकेकोले सो बमोजिम रमाना लिने/दिने कार्य नभएको भए २४ (चौवीस) घण्टाभित्र रमाना लिने/दिने कार्य गर्नु, गराउनुहुन यस कार्यालयको २०८२/१०/०६ को निर्णयानुसार अनुरोध छ। अन्यथा प्रचलित कानून बमोजिम हुने समेत निर्णयानुसार अनुरोध छ।

पुनश्चः सरुवा/पदस्थापन/कामकाज खटाइएको पत्र सम्बन्धित मन्त्रालय/निकाय/कार्यालय/स्थानीय तहमा पठाइसकिएको र कसैको पत्र प्राप्त नभएको भए यस कार्यालयलाई जानकारी दिनुहुन र पत्र प्राप्त भएको मितिले उपरोक्त बमोजिमको अवधिमा रमाना लिनुहुन, दिनुहुन समेत अनुरोध छ।

(प्रदिपचन्द्र सुवेदी) १०।६
शाखा अधिकृत

**वोधार्थ:**
श्रीमान् प्रमुख सचिवज्यू,
गण्डकी प्रदेश, सरकार।